भुम्लु गाउँकार्यपालिकाको बैठक संख्याः ०६

आ व : २०७९/८०

मितिः २०७९ कार्तिक २० गते आइतबार

समयः १:०० दिवा

स्थानः भुम्लु गाँउपालिकाको सभाहल

आज मिति २०७९ कार्तिक २० गते आइतबारका दिन यस भुम्लु गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा यस भुम्लु गाउँकार्यपालिकाको वैठक वसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

१. श्री प्रेम बहादुर भुजेल - अध्यक्ष
२. श्री जितेन्द्रमान तामाङ्ग उपाध्यक्ष
३. श्री लेख बहादुर श्रेष्ठ सदस्य
४. श्री सुजन भण्डारी सदस्य
५. श्री ज्ञान वहादुर तामाङ्ग सदस्य
६. श्री लोक बहादुर कुँवर सदस्य
७. श्री अञ्चल कुमार लामा सदस्य
८. श्री भरत बहादुर शिवभक्ति सदस्य
९. श्री रमेश राज खरेल सदस्य
१०. श्री मोतिलाल तामाङ्ग सदस्य
११. श्री दल बहादुर तामाङ्ग सदस्य
१२. श्री केसरमान लामा सदस्य
१३. श्री कल्पना पहरी सदस्य
१४. श्री कुमारी विश्वकर्मा सदस्य
१५. श्री चमेली परियार सदस्य
१६. श्री शान्ती ठकुरी सदस्य
१७. श्री सुलभ पहरी सदस्य
१८. श्री विष्णु बहादुर पहरी सदस्य
१९. श्री देवेन्द्र सुवेदी सचिव

अन्य उपस्थितिः

२०. श्री रुपक अधिकारी - प्रशासन तथा योजना शाखा प्रमुख
२१. श्री साकार अधिकारी - पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख
२२. श्री विक्रम वस्नेत- आर्थिक प्रशासन शाखा प्रमुख

प्रस्तावहरु

**प्रस्ताव न.१: कार्यपालिका वैठकका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा**

निर्णय न.१ प्रस्ताव न. १ माथि छलफल गर्दा यस आ.व. भरी भएका कार्यपालिका वैठकको समिक्षा गरियो, यस आ.व. मा गरिएका कुल ५० निर्णय मध्ये ४० वटाको पूर्ण कार्यान्वयन भएको २ को आंशिक र ८ कार्यान्वयनमा जान नसकेको देखियो, आंशिक कार्यान्नवयन र कार्यान्वयन हुन नसकेका निर्णय हरुलाई कार्यान्वयन गर्नका लागि रहेका चुनौतीहरुको पहिचान गरी कार्यान्वयन गर्नका लागि पहल गर्ने निर्णय गरियो । ।

**प्रस्ताव न.२: मंसिर १ गते देखि राजस्व र योजना सम्झौता अनलाईन मार्फत सञ्चालन गर्ने सम्बन्धमा**

निर्णय न.२: प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका वडा कार्यालय र गाउँपालिका कार्यालय भित्र संकलन गरिने राजस्वहरु अनलाईन मार्फत सञ्चालन गर्ने निर्णय गरियो, साथै गाउँपालिका स्तरमा सञ्चालन हुने योजनाहरुको सम्झौता पनि सोहि दिन देखि अनलाईन मार्फत गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.३: टोल विकास संस्था/समिति, कृषि अनुदान वितरण र अस्पताल सञ्चालन गर्न कार्यविधि सम्बन्धमा**

निर्णय न.३: प्रस्ताव न. ३ माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्र सञ्चालन हुने योजनाहरुको सञ्चालन गर्न र अन्य सामाजिक विकास र परिचालनका कामहरु गर्नका लागि वडा कार्यालयहरुलाई सहयोग पुग्ने हेतुले गठन गरिने टोल विकास समिति/ संस्था दर्ता गर्नका लागि आवश्यक कार्यविधिहरु तयार भएकोमा सो कार्यविधिलाई पारित गर्ने निर्णय गरियो साथै कृषि अनुदान वितरण गर्ने र अस्पताल सञ्चालन गर्ने कार्यविधिहरुलाई पनि सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ४: टोल विकास समिति गठन गर्ने कार्यतालिका सम्बन्धमा**

निर्णय न. ४: प्रस्ताव न. ४ माथि छलफल गर्दा गाउँपालिका स्तरमा गठन हुने टोल विकास संस्था/ समिति गठन गर्नका लागि वडा स्तरमा सञ्चालन गरिने भेलाहरुको कार्यतालिका तपशिल बमोजिम हुने निर्णय गरियो ।

तपशिल

| वडा न. | भेला हुने मिति |
|---|---|
| १ | २०७९।०८।१० |
| २ | २०७९।०८।११ |
| ३ | २०७९।०८।१२ |
| ४ | २०७९।०८।१३ |
| ५ | २०७९।०८।१४ |
| ६ | २०७९।०८।१५ |
| ७ | २०७९।०८।१६ |
| ८ | २०७९।०८।१७ |
| ९ | २०७९।०८।१८ |
| १० | २०७९।०८।१९ |

साथै उल्लेखित भेलाबाट गठन भएका टोल विकास समितका लागि अभिमुखिकरण कार्यक्रम मिति २०७९ मंसिर २५,२६ र २७ गते गाउँपालिका कार्यालयमा रखिने समेत निर्णय गरियो ।

**प्रस्ताव न.५:दोलालघाट बाट सल्ले सम्म सडकको किनारामा रोपिएका विरुवा संरक्षण कार्यक्रम सम्बन्धमा**

निर्णय न. ५ः प्रस्ताव न. ५ माथि छलफल गर्दा वृहद श्रम अभियान अन्तरगत दोलालघाट देखि सल्ले सम्मको सडक खण्डमा रहेका झाडीहरु हटाई सो स्थानमा विरुवाहरु रोपिएकोमा सो विरुवाहरुको संरक्षणका लागि फलामको केज ले ढाकी त्यसको संरक्षण गर्ने कार्य गरिएकाले सो केज खरिदका लागि भएको खर्च भुम्लु गाउँपालिकाले आ.व. २०७९।०८० को लागि विनियोजन गरेको बजेट शिर्षक **दोलालघाट सल्ले सडक किनाराका विरुवा संरक्षण कार्यक्रम** (बजेट कितावको पेज न. ५३, सि.न. ८२ मा उल्लेखित) बाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव न. ६ःमतदाता शिक्षा कार्यक्रमको अनुगमन गर्ने सम्बन्धमा**

निर्णय न. ६ः प्रस्ताव न. ६ माथि छलफल गर्दा २०७९ मंसिर ४ गते हुन गईरहेको प्रतिनिधि सभा र प्रदेश सभाको चुनावका लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि खटाईएका स्वयम् सेवीकाहरुको कामको अनुगमन तथा मूल्याङ्कन वडा स्तरबाट हुने र सो काममा खटिएका स्वयम् सेविकाहरुका लागि रु.१०,०००।– दर तथा सो कार्यको अनुगमन तथा नियमन तथा अन्य कार्यगरे बापतको भत्ता गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव न.७ : शिक्षकहरुको हाजिरीलाई वायोमेट्रिक हाजिरिमा मात्र रहने गरी व्यवस्थापन गर्ने सम्बन्धमा।**

निर्णय नं ०७ः यस भुम्लु गाउँपालिका भर रहेका माध्यमिक विद्यालयहरुमा यस गाउँपालिकाका तर्फबाट उक्त विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको वायोमेट्रिक हाजिरी प्रणाली जडान भइसकेको तथा उक्त प्रणाली संचालनार्थ उल्लेखित विद्यालयहरुका कम्प्युटर शिक्षकलाइ आवश्यक अभिमुखीकरण समेत भइ सकेको परिपेक्क्ष्यमा उक्त विद्यालयहरुमा २०७९ मंसिर ०१ देखि अनिवार्य वायोमेट्रिक हाजिरी प्रणाली मार्फत मात्र हाजिर गर्ने र सो प्रणालीमा कुनै खरावि नभए सम्म सोहि प्रणालीको हाजिरीलाइ मात्र मान्यता दिने निर्णय गरियो।

**प्रस्ताव न.८ः घट्टेखोलामा प्रयोग गरिएको डोजरको भुक्तानी दिने सम्बन्धमा।**

निर्णय नं ०७ः यस भुम्लु गाउँपालिका वडा नं ०८ दोलालघाटमा रहेको घट्टेखोलामा वर्षातको समयमा निरन्तर वाढि आइ वस्ति जोखिममा परेकोमा त्यहाँ विभिन्न समयमा पटक पटक कार्यगर्न लगाइएको कालिका घुम्ती कन्ट्रक्सन प्रा लि लाइ उक्त कार्य गरेबापत उठिआएको प्राविधिक मुल्यांकन वापतको रकम भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव न.९ः आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा**

| सिं नं | नाम थर | आर्थिक सहायताको आवश्यकता | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुनिता श्रेष्ठ भुम्लु ८ | क्यान्सर पिडित | ३०,०००।०० | |
| २ | खेम बहादुर श्रेष्ठ | बुबा दधिराम श्रेष्ठको पोष्टमार्टम गर्दा भएको खर्च | २०,०००।०० | |
| ३ | कान्छि तामाङ्ग | क्यान्सर पिडित | ३०,०००।०० | |

**प्रस्ताव न. १०ः भन्सार छुटमा एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा यस भुम्लु गाउँपालिका वडा नं ०७ मा रहेको आधारभुत अस्पाल केन्द्र बनाइ संचालनहुने एक एम्बुलेन्स नेपाल सरकारबाट प्राप्त हुने राजश्व छुट सुविधा प्रयोग गरि खरिद गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ११: श्रावण, भाद्र, र आश्विन महिनामा गरिएको सडक मर्मतको भुक्तानी अनुमोदन गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको सवै क्षेत्रमा वर्षातको समयमा गरिने सडक मर्मत(पहिरो पन्छाउने र वाटो खुलाउने) तथा दशै लक्षित गरी गरिएको सम्पूर्ण सडकहरुको मर्मत(आवश्यकता अनुसार नयाँ कटिङ्ग गर्ने र सडक सफा गर्ने तथा खल्डाखुल्डी सडकमा वालुवा गिट्टी लगायतका सामाग्रीहरु राख्ने) कार्य सम्पन्न भएको र सो मर्मत गर्दा भएको खर्चको विवरण तपशिल बमोजिम भएको भनि कार्यपालिकामा पेश भएको

तपशिल

| क्र.स | डोजर धनी/सञ्चालक | सवारी साधनको विवरण | भुक्तानी हुनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | धनध्वज तामाङको | जे.सी.भी | रु.७,९०,१६०।- | |
| २ | विशाल श्रेष्ठ | स्क्याभेटर | रु.३,१०,०००।- | |
| ३ | अमिर रमण उप्रेती | जे.सी.भी | रु.४,६७,०७५।- | |
| ४ | कालिका घुम्ती कन्स्ट्रक्सन | स्क्याभेटर | रु.७०,०६०।- | |
| ५ | शरण तामाङ | ट्रिपर भाडा | रु.३९,०००।- | |
| ६ | राधाकृष्ण श्रेष्ठ | ट्रिपर भाडा | रु.७५,०००।- | |
| ७ | विकास तामाङ | ट्रिपर भाडा | रु.३९,०००।- | |
| ८ | रमेश बुढाथोकी | ट्रिपर भाडा | रु.७२,०००।- | |
| ९ | रामकाजी श्रेष्ठ | ट्रिपर भाडा | रु.३९,०००।- | |
| | | | रु.१९,०१,२९५।- | |

साथै सो कार्य गर्नका लागि आवश्यक पर्ने इन्धन खरिद गरी ड्रममा ल्याइएकोमा सो कामका लागि प्रयोग भएको इन्धनको विवरण तपशिल बमोजि भएको भनी कार्यपालिकामा पेश भएको

तपशिल

| क.स. | महिना | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्रावण महिना भरी | रु.२,३९,९५५।- | |
| २ | भाद्र महिना भरी | रु.६,२५,८५७।- | |
| ३ | आश्विन महिना भरी | रु.५,३७,९००।- | |
| | जम्मा | रु.१४,०३,७१२।- | |

सडक मर्मतका लागि सवारी साधन तथा इन्धनमा भएको कुल खर्च रु.३३,०५,००७।- लाई पेश भए अनुसार नै भुक्तानी गर्ने गरी कार्यपालिका बाट अनुमोदन गर्ने निर्णय गरियो ।

२०७९।०७।२०

**प्रस्ताव नं १२: कार्यविधि पारित गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा तपशिल बमोजिमको कार्यविधि पारित गर्ने निर्णय गरियो।

- संस्था दर्ता कार्यविधि २०७९
- शैक्षिक गुठि दर्ता कार्यविधि २०७९